नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौं
२०३०

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको जरुरी सूचना

नि. महानिर्देशक

हालका दिनमा मध्यवर्ती तथा संरक्षण क्षेत्रका वन, राष्ट्रिय वन, सामुदायिक वन तथा अन्य गाउँ बस्ति नजिकका वन क्षेत्रमा वन्यजन्तुका बच्चाहरु वा माऊ वन्यजन्तुहरु धपाउने, लखटेने वा मार्ने क्रम बढ्दै गएको र कतिपय अवस्थामा सकरात्मक उद्देश्यले पनि यसरी भेटिएका वन्यजन्तुलाई उचित सुरक्षा दिन आफैं वन्यजन्तु पक्रने वा उद्धार गर्न नजिकको डिभिजन वन कार्यालय, संरक्षित क्षेत्र कार्यालय, सुरक्षा निकाय वा चिडियाखानामा खबर गर्ने चलन बढ्दै गएकोमा यस विभागको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालका कुनै पनि वन क्षेत्र, खोलानाला, पोखरीहरु, दलदल लगायतका क्षेत्रहरु वन्यजन्तुका प्राकृतिक बासस्थान भएकोले माऊ वन्यजन्तुले आफ्नो बच्चालाई लुकाई आहाराको खोजीमा अन्यत्र गएको र पुन: सोही ठाउँमा फर्कने भएकोले उक्त बच्चा बेवारिस वा अलपत्र नभएको र यो प्रकृतिको सामान्य नियम नै रहेको व्यहोरा अनुरोध छ ।

बच्चाहरुलाई माऊबाट छुटाउँदा वा बच्चाहरुलाई मानिसले चलाउँदा माऊले पुन: बच्चाहरु स्वीकार नगर्ने र छाड्न सक्ने तथ्य बिभिन्न अध्ययनहरुबाट पुष्टी भएको हुँदा  ती बच्चाहरु टुहुरा भै प्राकृतिक अवस्थामा बाच्न तथा हुर्कन नसक्ने भएकोले सकरात्मक रुपमा वन्यजन्तुको उद्धार गर्दा पनि त्यसले वन्यजन्तुको दीगो संरक्षणमा नकारात्मक असर पर्ने हुन्छ ।

वन जंगल वन्यजन्तुको प्राकृतिक घर भएकोले वन्यजन्तुलाई सोही क्षेत्रमा हुर्कन बढ्न अवसर दिनुपर्ने भएकोले कोही कसैले वन्यजन्तुका बच्चाहरुलाई नचलाउन अनुरोध छ । बस्ती नजिक आएका समस्याग्रस्त वन्यजन्तुको उद्धार गर्न आवश्यक भएमा सम्बन्धित विषयका विज्ञहरुबाट सम्बन्धित सबै निकायहरुसँगको समन्वयमा गरिने व्यहोरा अनुरोध गर्दै यस विषयमा थप जानकारीका लागि नजिकको निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा सुरक्षा निकायका कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

*राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा*

*केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइ*

*बबरमहल, काठमाण्डौं*

*मिति २०७७।२।१९*

Scanned with CamScanner